का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० वैशाख २०८२,
बुधबार
23 April, 2025
Wednesday
मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्नु

वर्ष २३, अंक ८० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# चौतर्फी दबाबमा ओली

## आफ्नै नेता/कार्यकर्तामाथि शंका

प्रमुख प्रतिपक्षी दलको निशानामा रहेका प्रधानमन्त्री ओली सत्ता सहयात्रीदेखि एमालेकै नेताहरू, कर्मचारी र शिक्षकका मागको घेराबन्दीमा छन् । तर, त्यस्ता दबाब वा मागलाई सामान्यीकरण गर्दै ख्यालठ्ट्टा मै उडाउने नीतिलाई ओलीले निरन्तरता दिइरहेका आमटिप्पणी छ



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ९ वैशाख ।

करिब दुई तिहाइ बहुमतको शक्तिशाली सरकारका प्रधानमन्त्रीसमेत रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रश्नको चौतर्फी घोराबन्दीमा परेका छन् । संसद्का प्रमुख दल नेपाली कांग्रेस-नेकपा एमालेको सहकार्यमा ३० असारमा प्रधानमन्त्री बनेका ओली प्रश्नै प्रश्नको चौतर्फी घेराबन्दीमा परेका हुन् ।

प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)को प्रमुख निशानामा रहेका प्रधानमन्त्री ओली सत्ता सहयात्रीदेखि कतिपय एमालेकै नेताहरू र कर्मचारी तथा शिक्षकका मागको घेराबन्दीमा छन् । तर, उनी कसैको घेराबन्दी, दबाब वा मागका सम्बन्धमा गम्भीर नभएका सरोकारवालाहरूले बताएका छन् ।

बजारमा एकपछि अर्को गर्दै आएका अधिकांश विषयलाई सामान्यीकरण गर्दै ख्यालठट्टामै उडाउने नीतिलाई ओलीले निरन्तरता दिएका उनीहरूको टिप्पणी छ । सरकारका काम कारबाहीका सन्दर्भमा राजनीतिक सहकर्मीदेखि प्रशासनिक निकाय, शिक्षक, कर्मचारी, उद्योगी, व्यवसायी र विभिन्न पेसागत बुद्धिजीवीहरूसमेत सन्तुष्ट छैनन् ।

सत्ताको मुख्य सहयात्री दल नेपाली कांग्रेसले आधिकारिक निर्णय नगरे पनि अधिकांश नेताहरूले ओली नेतृत्वको सरकारका गतिविधिप्रति असन्तुष्टि जनाउँदै आएका छन् । सत्ताको प्रमुख सहयात्री दल नेपाली कांग्रेसका महामन्त्री गगन थापाले त सरकारको गतिलाई टच्याक्टरको संज्ञा दिइसकेका छन् ।

सरकारलाई लयमा ल्याउनका लागि सरकारमै बसेका दल र नेताहरूले खबरदारी गर्नुपर्ने उनको तर्क छ । गत १७ असारको मध्यरातमा कांग्रेस-एमालेबीच भएको सहमति र सम्झौताअनुसार काम गर्ने कुरामा सरकार जिम्मेवार नभएको भन्दै उनले खुलेर टिप्पणी गरेका छन् ।

एमालेकै कतिपय नेताहरूसमेत सरकारले गर्दै आएको कामको प्रकृतिप्रति सन्तुष्ट हुने ठाउँ नरहेको बताउँछन् । 'सरकारका प्रधानमन्त्रीसहित मन्त्रीहरूको करिब १० महिनाको समय औपचारिक कार्यक्रमको उद्घाटन, समापन, भ्रमण र भाषणमा बितेको देखिन्छ', नेकपा एमालेका एक केन्द्रीय सदस्यले भने । मन्त्रीहरूको काम गर्ने तौरतरिकामा कुनै भिन्नता पृष्ठ २ मा

स्वदेशी मौलिक उत्पादनको प्रवर्द्धन गरौं
- हाम्रो मौलिक उत्पादन पहिचानमात्र होईन आय आर्जनको स्रोत पनि हो,
- घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिवृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौं,
- स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं,
- हस्तकला लगायतका व्यवसाय सानो पूर्जीमा पनि थालनी गर्न सकिन्छ,
- स्वदेशी उत्पादनवाट आत्मनिर्भर बनौ,
- आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं,

*अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# कक्षा १२ को परीक्षा सऱ्यो

## २१ वैशाखदेखि हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ वैशाख ।

शिक्षकको आन्दोलनका कारण कक्षा १२ को परीक्षा सरेको छ । यसअघि राष्ट्रिय परीक्षा बोर्डले ११ वैशाखमा तोकेको परीक्षा २१ वैशाखसम्मका लागि सरेको हो ।

विद्यालय शिक्षा ऐन माग गर्दै २२ दिनदेखि आन्दोलनमा रहेका देशभरका सामुदायिक विद्यालयका शिक्षकहरूले ऐन नलिई नजाने भन्दै आन्दोलनलाई निरन्तरता दिएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले कक्षा १२ को परीक्षा सार्न निर्देशन दिएका थिए । प्रधानमन्त्री ओलीले स्थिति जटिल बनेको भन्दै केही समय सार्न निर्देशन दिएका हुन् । उनको निर्देशनलगत्तै परीक्षा बोर्डले परीक्षा सार्ने बताएको छ ।

प्रधानमन्त्रीलाई भेट्न बालुवाटार पुगेका परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मा र शिक्षा सचिव दीपक काफ्लेलाई प्रधानमन्त्री ओलीले केही दिन परीक्षा सार्न निर्देशन दिएका हुन् । आन्दोलित शिक्षकका मागलाई बेवास्ता गर्दै आएका प्रधानमन्त्री ओलीले परीक्षा पृष्ठ २ मा

# बालबालिका विदेश लगे २० वर्ष कैद, ५ लाख जरिमाना

बहुराष्ट्रिय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिअन्तर्गत मानव बेचविखन, विशेषगरी महिला र बालबालिकाको बेचविखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था गर्न कानुन बनाउन लागिएको हो



"मानव बेचविखन तथा ओसार पसार नियन्त्रणका लागि संघीय संरचनाबमोजिम तीनै तहमा संयन्त्र निर्माण गरी तीनै तहका सरकारलाई जिम्मेवार बनाउन लागिएको हो

**नवलकिशोर साह सुडी**
**महिला, बालबालिका तथा जेष्ठ नागरिकमन्त्री**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ वैशाख ।

किन्ने, बेच्ने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कसैले बालबालिकालाई विदेश लगे २० वर्षसम्म कैद हुने छ । यसका साथै ३ लाख रुपैयाँदेखि ५ लाख रुपैयाँसम्म जरिमाना हुने छ ।

बालबालिकाबाहेक अन्य व्यक्तिलाई विदेश लगे त्यस्तो व्यक्तिलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र २ लाख रुपैयाँदेखि ३ लाख रुपैयाँसम्म जरिमाना हुने छ ।

यस निम्ति सरकारले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक ल्याएको छ ।

महिला, बालबालिका तथा जेष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले यो विधेयक संसद्मा लगेका हुन् ।

संगठित अपराधको रूपमा विश्वभर फैलिएको मानव बेचविखनबाट प्रभावित व्यक्तिको आत्मसम्मान, स्वतन्त्रता र मौलिक हकको संरक्षण गर्ने, बेचविखनको उच्च जोखिममा रहेका तथा बेचविखन तथा ओसार पसारमा परेका पीडितको न्यायमा पहुँचको सुनिश्चितता गर्ने विधेयकको उद्देश्य छ ।

स्वदेशमा वा विदेशमा मानव बेचविखन तथा ओसारपसारको कसुरको आरोप लागेका व्यक्तिलाई कानुनको दायरामा ल्याउने, तथा दण्ड सजायको दायरालाई फराकिलो बनाउने उद्देश्यले ऐन संशोधन गर्न लागिएको मन्त्री साहले उल्लेख गरेका छन् ।

उनी भन्छन्, 'मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि संघीय संरचनाबमोजिम तीनै तहमा संयन्त्र निर्माण गरी तीनै तहका सरकारलाई जिम्मेवार बनाउन लागिएको हो ।' पीडित तथा प्रभावितको उद्धार तथा पुनर्स्थापनासम्बन्धी कार्यलाई कानुनी रूपमा स्पष्ट गर्न खोजिएको छ ।

बहुराष्ट्रिय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिअन्तर्गत मानव बेचविखन, विशेषगरी महिला र बालबालिकाको बेचविखन तथा ओसार पसारको रोकथाम, दमन तथा पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# विभाग ३ हप्तादेखि महानिर्देशकविहीन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ वैशाख ।

वैदेशिक रोजगार विभाग करिब ३ सातादेखि महानिर्देशकविहीन भएको छ । विभागका तत्कालीन महानिर्देशक सूर्यबहादुर खत्रीलाई चैत २५ गते मन्त्रालय सरुवा गरिएपछि विभाग महानिर्देशकविहीन बनेको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सहसचिव जीवलाल भुसाललाई नयाँ महानिर्देशकको जिम्मेवारीमा पठाएको छ । मन्त्रालयले तत्कालीन महानिर्देशक खत्रीलाई मन्त्रालय तानेर भुसाललाई पठाएको भएपनि नयाँ महानिर्देशक भुसाल विभागमा हाजिर भएका छैनन् । हाल विभागको प्रशासनिक कामको नेतृत्व उपमहानिर्देशक चन्द्रबहादुर शिवाकोटीले गरिरहेका छन् ।

विभागीय प्रमुखको रूपमा महानिर्देशक प्रमुख पदाधिकारी भएको र महानिर्देशकले गर्ने निर्णय अन्य कर्मचारीले गर्न नपाउने र गर्न नचाहने भएका कारण विभागको आर्थिक कारोबारको संचालन गर्ने/गराउने र आवश्यकताअनुसार अख्तियारी दिने, विभागमा कार्यरत कर्मचारीहरूलाई शाखा वा फाँटमा खटाउने, कर्मचारीहरूको सुपरीवेक्षण एवं पुनरावलोकन गर्ने इजाजत पत्र जारी गर्नेलगायत विभागमा परेका उजुरीहरूमा निर्णय गर्ने काम प्रभावित भएको समाचार स्रोत बताउँछ ।

त्यस्तै विभगको तर्फबाट अन्य निकायहरूसँग गरिने सम्झौताहरू गर्ने र विभागको तर्फबाट नीतिगत सुधार र विभागभन्दा माथिल्लो स्तरबाट हुनुपर्ने निर्णयहरूको निम्ति मन्त्रालयमा लेखी पठाउने जस्ता कामहरू रोकिएको समाचार स्रोतको भनाइ छ ।

विभागमा महानिर्देशक नहुँदा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित कार्यसमितिले नीतिगत एवं व्यवहारिक विषयमा समेत छलफल गर्न नपाएको बताइएको छ । गत हप्ता न पृष्ठ २ मा

## मञ्चको निष्कासनले मलाई फरक पर्दैन : व्यवसायी पाण्डे



**काठमाडौं/मस–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चबाट निष्कासनमा परेका मञ्चका पूर्वअध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीले निष्कासनको नाटकले आफूलाई फरक नपर्ने बताएका छन् । मञ्चबाट निष्कासनमा परेका मञ्चका पूर्वअध्यक्ष पाण्डे क्षेत्रीले मध्यान्ह दैनिकसँग टेलिफोनमा कुरा गर्दै मञ्चको कारबाहीले आफूलाई कुनै फरक नपर्ने बताएका हुन् ।

उनले मञ्चबाट व्यवसायीको ठूलो पंक्ति सामूहिक राजीनामा र पृष्ठ २ मा

**निजामती विधेयक**

# पेन्सन खाने जेष्ठ नागरिकले भत्ता नपाउने

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ९ वैशाख ।

निजामती सेवा विधेयकमा अवकाशपछि निजामती कर्मचारीले जेष्ठ नागरिक भत्ता नपाउने व्यवस्था लागू गर्ने विषयमा सहमति जुटेको छ । सोमबार प्रतिनिधिसभाअन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिमा भएको छलफलमा निजामती कर्मचारीले अवकाशपछि पाउने दोहोरो सुविधा हटाउने सहमति भएको हो ।

समितिबाट पास हुने प्रक्रियामा रहेको निजामती सेवा विधेयकमा यस्तो व्यवस्था गर्न लागिएको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले जानकारी दिए । 'सेवाबाट अवकाश भएपछि पेन्सन पाउने कर्मचारीले राज्यका अन्य कुनै निकायमा वा लाभको पदमा नियुक्ति भए उक्त अवधिभर सोही पदको मासिक तलब मात्र पाउनेगरी ऐनमा व्यवस्था गरिएको छ', उनले भने ।

विगतमा निजामती कर्मचारीले अवकाशपछि पाउने निवृत्तिभरण (पेन्सन) पनि पाउने र वृद्ध भत्ता पनि पाउँदै आएका थिए । तर, अब पेन्सन मात्र पाउनेगरी ऐन बन्न लागेको हो । समिति बैठकमा

भ्रष्टाचारमा दोषी ठहर कर्मचारीलाई सेवा सुविधा निरन्तर पाउनेगरी ऐनमा व्यवस्था नगरिएको सांसदहरूको दाबी छ

अधिकांश सांसदले दोहोरो सुविधामाथि लगाम लगाउनुपर्नेमा जोड दिएका थिए ।

भ्रष्टाचारमा दोषी ठहर भएका कर्मचारीलाई समेत पेन्सन नदिनेगरी ऐनमा व्यवस्था गर्ने तयारी भएको सभापति खतिवडाले बताए । 'नैतिक पतन देखिने मुद्दामा दोषी ठहर भए पेन्सन दिनु हुँदैन भन्नेमा छौं', खतिवडाले भने । तर, उक्त विषयमा सांसदहरूबीच कुरा बाझिएको छ ।

सुशासन समितिकै उपसमिति संयोजक सांसद दिलेन्द्रप्रसाद बडूले विगतको ऐनमा भ्रष्टाचार दोषी ठहर कर्मचारीलाई पेन्सनको सुविधा नदिने तर अन्य सुविधाको हकमा स्पष्ट नबोलेकाले त्यो विषयमा स्पष्ट बनाउनुपर्ने विषयमा छलफल भएको बताए ।

भ्रष्टाचारमा दोषी ठहर कर्मचारीलाई सेवा सुविधा निरन्तर पाउनेगरी ऐनमा व्यवस्था नगरिएको उनको दाबी छ । 'फौजदारी अभियोगका विषयहरू तोकिएका छन् । केही भनेर राखिएको छ । त्यो विषयमा उपसमितिमा छलफल भएकै हो', उनले भने, 'सामान्य अभियोगमा पनि पेन्सन नपाउने गरिदियो भने यसले असर पर्छ भन्ने हो । हामीले त्यो चाहेका पनि होइनौं । जसरी बाहिर व्याख्या भएको छ, त्यो गलत हो ।'

विधेयकमा धेरै विषयमा सहमति नजिक पुगिएकाले चाँडै पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१० वैशाख २०८२ बुधबार
23 April 2025, Wednesday

# कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्नु आजको आवश्यकता : प्रचण्ड

**काठमाडौं/मस–** नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालको कम्युनिष्ट आन्दोलनको ऐतिहासिक यात्रा, वर्तमान अवस्था र भावी दिशाबारे मन्तव्य व्यक्त गर्दै लेनिनको जन्मजयन्तीका दिन पार्टीको स्थापना हुनु ऐतिहासिक संयोग मात्र नभइ प्रेरणाको विषय भएको बताएका छन् । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को ७७औं स्थापना दिवस तथा १५६औं लेनिन जयन्तीका अवसरमा मंगलबार पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा अध्यक्ष प्रचण्डले सो कुरा बताएका हुन् ।




लेनिनको जन्मजयन्तीकै दिन पार्टीको स्थापना हुनु ऐतिहासिक संयोग मात्र नभई प्रेरणाको विषय भएको उल्लेख गर्दै प्रचण्डले भने, 'लेनिनबाट प्रेरणा लिएर स्थापना गरिएको नेपाल कम्युनिष्ट पार्टी आज ७७ वर्षको भएको छ, जुन सम्पूर्ण कम्युनिष्ट आन्दोलनका लागि गर्वको विषय हो ।'

उनले कम्युनिष्ट पार्टीको संघर्षपूर्ण इतिहासको चर्चा गर्दै कम्युनिष्ट आन्दोलनले विभाजन, घात-प्रतिघात र बलिदानबीच यात्रा तय गरेको स्मरण गराएका थिए ।

'आजको आवश्यकता आन्दोलनलाई फेरि एकताबद्ध गर्नु हो । हामी विचार, सिद्धान्त र सच्चा कम्युनिष्टहरूका वैचारिक आधारमा एकता चाहन्छौँ। जनतामाझ पुगेर आफ्ना कमजोरीहरू सच्याउने प्रक्रियामा छौँ' उनले भने ।

जनयुद्धका शहीद र बेपत्ता योद्धाहरूप्रति सम्मान व्यक्त गर्दै उनले उहाँहरूका परिवारहरूसँग गरिएको संवादलाई पार्टीको ऐतिहासिक जिम्मेवारीको रूपमा उल्लेख गरे । 'हामी एकताको झण्डा बोकेका छौँ, न छोडेका छौँ, न छोड्नेछौँ,' प्रचण्डले भने ।

देशको वर्तमान राजनीतिक अवस्था र सरकारको भूमिकाप्रति गम्भीर टिप्पणी गर्दै उनले शिक्षकमाथि देखिएको उदासीनता र अपमानजनक व्यवहारको विरोध गरे । 'लाखौँ शिक्षकहरू आन्दोलनमा छन्, तर सरकार गैरजिम्मेवार बनेको छ,' प्रचण्डले भने, 'मैले प्रधानमन्त्री हुँदा गरिएको सहमति अनुसार विधयेक संसद्मा दर्ता भइसकेको छ, त्यसलाई अविलम्ब अघि बढाउन र शिक्षकका माग पूरा गर्न गम्भीर बनोस् सरकार जनभावनासँग खेलबाड नगरोस् ।'

त्यसैगरी, लघुवित्त पीडित, सहकारी पीडित तथा चिकित्सकहरू आन्दोलनमा रहेको अवस्थालाई उल्लेख गर्दै उनले ती सबैको जायज माग छिटो सम्बोधन गर्नुपर्ने धारणा व्यक्त गरे । सरकार पूर्ण रूपमा असफल भइसकेको छ । अब जनताको आवाजप्रति गम्भीर हुन ढिलो गर्नुहुन्न,' प्रचण्डले भने ।

# नेत्रज्योति संघ र प्रहरी अस्पतालबीच सहकार्य गर्ने सम्झौता

**काठमाडौं/मस–** नेपाल नेत्रज्योति संघ र नेपाल प्रहरी अस्पतालबीच आँखा उपचारमा आपसी सहकार्य गर्ने समझदारी भएको छ ।

मंगलबार प्रहरी प्रधान कार्यालयमा आयोजित एक कार्यक्रममा ती संस्थाबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो । संघका कार्यकारी निर्देशक डा.शैलेशकुमार मिश्रका अनुसार दुवै पक्षबीच जनशक्ति र विशेषज्ञताको आदानप्रदान तथा क्षमता अभिवृद्धि कार्यक्रमहरु अगाडि बढाउन र आँखा स्वास्थ्यका सम्बन्धमा जनचेतना अभिवृद्धि गरी रोकथामका उपायहरू अवलम्बन गर्ने कार्यमा सहकार्य हुनेछ ।



त्यसैगरी नेपाल प्रहरी अस्पताल (प्रादेशिक अस्पतालहरू समेत) बाट रिफर भइ आएका बहालवाला प्रहरी कर्मचारीहरुको आँखासम्बन्धी उपचार तथा शल्यक्रियाहरू नेत्रज्योति संघ अन्तगर्तका आँखा अस्पतालहरुबाट निःशुल्क गरिनेछ ।

उक्त समझदारीपत्र हस्ताक्षर कार्यक्रममा संघका महासचिव भरतबहादुर चन्दले नेपालबाट अन्धोपन निवारण गर्ने संघको योजनामा दुई संस्थाबीचको सहकार्यले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । जनताको सेवामा खटिने प्रहरीसँग सहकार्य गर्न पाउँदा गौरवान्वित महसुस भएको बताउँदै उनले आगामी दिनमा सेवा विस्तारका लागि संघ सदैव तयार रहेको बताए ।

प्रहरी महानिरीक्षक दिपक थापाले शान्ति सुव्यवस्था कायम गराउन अहोरात्र खटिने प्रहरी कर्मचारीहरूलाई यस समझदारीले थप हौसला मिल्ने उल्लेख गरे । आगामी दिनमा समेत नेपाल प्रहरी र नेपाल नेत्रज्योति संघबिच थप सेवा विस्तारका लागि समन्वय तथा सहकार्य हुने उनले विश्वास व्यक्त गरे ।

समझदारीपत्रमा संघका तर्फबाट महासचिव भरतबहादुर चन्द, कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्र तथा नेपाल प्रहरी अस्पतालका तर्फबाट मेडिकल डाइरेक्टर प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षक डा सुन्दरप्रसाद ह्योजु, आँखारोग विभाग प्रमुख प्राविधिक प्रहरी उपरीक्षक डा.ज्योति बाँस्तोला पौडेलले हस्ताक्षर गरेका छन् ।

सन् १९७८ मा स्थापना भएको नेपाल नेत्रज्योति संघले २८ आँखा अस्पताल, २२४ आँखा उपचार केन्द्र, र ४५ जिल्ला शाखामार्फत वार्षिक ३० लाखभन्दा बढी व्यक्तिलाई आँखासम्बन्धी सेवा दिँदै आएको छ ।

# प्लान्ट क्वारेन्टिन स्थापनाको माग राख्दै धर्ना जारी

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ वैशाख

प्लान्ट क्वारेन्टिन खाद्यान्न कार्यालय स्थापनाको मागलाई लिएर मंगलबार तेस्रो दिन पनि गौर भन्सार कार्यालयमा व्यापारी व्यवसायीहरुले धर्ना प्रदर्शनलाई निरन्तरता दिएका छन् । व्यवसायी कौशल साहको नेतृत्वमा तेस्रो दिन १२ बजेदेखि ३ बजेसम्म गौर भन्सार कार्यालयको मुख्य गेटमा धर्ना कार्यक्रमलाई निरन्तरता दिएका हुन् ।



२०३३ सालमा स्थापना भएको गौर भन्सार कार्यालयमा विगतका वर्षहरुमा प्लान्ट क्वारेन्टिन खाद्यान्न सामानहरु निर्वाध रुपमा आइरहँदा पनि केही महिनादेखि यहाँका व्यापारीहरुलाई वीरगञ्ज र मलंगवा भएर ल्याउनुपर्ने बाध्यात्मक अवस्था रहेको हुँदा गौर भन्सार कार्यालयमा अविलम्ब प्लान्ट क्वारेन्टिन खाद्यान्न कार्यालयको स्थापना हुनु नितान्त आवश्यक रहेको व्यापारी साहले बताए ।

गत चैत ३१ गते भन्सार कार्यालय प्रमुखमार्फत अर्थमन्त्रीलाई ज्ञापनपत्र बुझाएको जानकारी दिँदै व्यापारी साहले वैशाख ७ देखि १५ गतेसम्म धर्ना प्रदर्शन तथा वैशाख १६ गते भन्सार कार्यालयमा अनिश्चितकालिन ताला लगाउने समेत चेतावनी दिए ।

धर्ना प्रदर्शनमा ऐक्यबद्ध जनाउँदै जिल्लाका संविधानसभा सदस्य तथा नेकपा एमालेका नेता बबन सिंहले यो आन्दोलनमा कुनै पार्टीका नभइ सम्पूर्ण व्यापारी उद्योगी तथा जनताहरूका लागि भएको बताए । आन्दोलनमा पूर्ण समर्थन गर्दै उनले अर्थ मन्त्रालय, कृषि मन्त्रालयसँग समन्वय गरी तुरुन्त सम्बोधन गर्नुपर्ने बताए ।

## चौतर्फी...

नदेखिएको र नेताहरूको सोचमा परिवर्तन नआएकाले सरकारप्रति मात्र होइन, वर्तमान व्यवस्थाप्रतिसमेत प्रश्नहरू उठिरहेको उनको जिकिर छ ।

प्रधानमन्त्री ओलीले पनि विरोधीहरूसँगै आफ्नैले समेत घेराबन्दीमा पारेको स्वीकार गरेका छन् । नेकपा स्थापनाको ७६औं वर्ष प्रवेशको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा पार्टीभित्रबाटै विरोधीलाई सहयोग पुग्नेगरी बोल्ने गरेकामा आपत्ति जनाए ।

'विरोधीहरूले खुब संगठित ढंगले घेराबन्दी र हमला गर्छन्', ओलीले भने, 'हाम्रै साथीहरूले पनि कताकता यतिकै विरोध भएको छ त भन्ने भ्रममा सामेल हुनेगरी बोल्ने गरेको पाइएको छ। यतिकै विरोध भएको त होइन भन्ने खालका भ्रम पर्न खोज्या' हो कि, भ्रममा सामेल हुन खोज्या' हो, नबुझिनेगरी त्यस्ता आशंका उठाएर बोल्ने गरिएको छ ।'

पछिल्लो समय सरकारकै एउटा महत्त्वपूर्ण क्षेत्र सामुदायिक विद्यालयका देशभरका शिक्षकहरू सडकमा छन् । समय सापेक्ष विद्यालय शिक्षा ऐन माग गर्दै २२ दिनअघि शैक्षिक आमहडतालमा सडकमा ओर्लिएका शिक्षकहरूले आफ्ना मागका सम्बन्धमा प्रधानमन्त्री गम्भीर नबनेको दाबी गरेका छन् ।

यही समयमा निजामती कर्मचारी ट्रेड युनियनले विभिन्न १० बुँदे माग राख्दै ७२ घण्टे अल्टिमेटम दिएको छ। मंगलबार बसेको संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा कर्मचारी ट्रेड युनियनका नेताहरूले संसदीय समिति समक्ष १० बुँदे माग राखेर आन्दोलनका कार्यक्रमहरू सार्वजनिक गरे ।

७२ घण्टाभित्र आफ्ना माग सम्बोधन गर्दै निजामती कर्मचारी विधेयक अगाडि नबढाए अर्को चरणको आन्दोलन गर्ने उनीहरूको चेतावनी छ । '७२ घण्टाभित्र माग सम्बोधन भएर विधेयक अगाडि नबढे आन्दोलनको अर्को चरण सुरु हुने छ', बैठकपछि नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष अम्बादत्त भट्टले भने ।

बैठकमा ट्रेड युनियनका नेताहरूले ट्रेड युनियन अधिकार, वृत्ति विकास, समायोजन, सरुवा प्रणाली, अन्तरतह समन्वय, अस्थायी करारको मागसम्बन्धी, स्थानीय तहको पदस्थापन, स्वास्थ्य र संसद् सेवा कर्मचारीसम्बन्धी, अतिरिक्त सचिवको व्यवस्थालगायतका १० बुँदे माग राखेका छन् । निजामती विधेयक राज्य व्यवस्था समितिमा विचाराधीन छ भने विद्यालय शिक्षा विधेयक पनि संसद्बाट शिक्षा, स्वास्थ्य तथा संचार समितिको उपसमितिमा छलफलका क्रममा छ ।

यी दुवै विधेयक गत हिउँदे अधिवेशनमा पारित गर्ने सरकार र सरकार सम्बद्ध दलहरूले प्रतिबद्धता जनाएका थिए । तर, संसद्को विधेयक अधिवेशनका रूपमा लिइएको हिउँदे अधिवेशनले सोचेअनुसार ऐनहरू जारी गर्न नसकेको सरकार पक्षकै सांसदहरूले बताएका छन् ।

संसद्को वर्षे अधिवेशन १२ वैशाखदेखि सुरु हुँदै छ । त्यसै दिन नै संसद्मा विधेयक पेस हुने वातावरण बन्नुपर्ने निजामती र शिक्षकका नेताहरूको माग छ । कर्मचारी ट्रेड युनियनका नेताहरूले ऐन निर्माणमा दबाब दिन आन्दोलनमै जानुपर्ने अवस्था नबनाउन पनि आग्रह गरिरहेका छन् ।

यता शिक्षकको आन्दोलनका सवालमा प्रधानमन्त्री केपी ओली नै सकारात्मक छैनन् । उनका पछिल्ला अभिव्यक्तिले शिक्षा ऐन समयमै ल्याउने र शिक्षकका माग सम्बोधन गर्ने पक्षमा नरहेको झल्को दिएको छ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले शिक्षा क्षेत्रका समस्या समाधान गर्न ऐन जारी गर्ने र सरकारले तत्काल पूरा गर्न सक्ने मागलाई निर्णय गरेर जाने विषयमा सकारात्मक देखिए पनि प्रधानमन्त्री ओलीले उनीमाथि दबाब दिएका थिए। सोही दबाब थाम्न नसकेपछि मन्त्री भट्टराईले राजीनामा दिएकी थिइन् ।

उनको राजीनामापछि सरकारको आलोचना थप बढेको छ । शिक्षक तथा कर्मचारीको आन्दोलनका सन्दर्भमा प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारको नेतृत्व गर्ने प्रधानमन्त्री नै शिक्षक तथा कर्मचारीको अपमान गर्ने कार्यमा निरन्तर लागिपरेका टिप्पणी गरे । आफ्नै गतिविधिले सरकार पूर्ण असफल भएको जिकिर गर्दै उनले भने, 'यो सरकारले आफ्नै बोझ थाम्न सक्नेवाला छैन । आफ्नै बोझमा दबिएर सिद्धिन्छ ।'

## कक्षा...

निर्देशन दिएका भन्दै सार्वजनिक टिप्पणी भएको छ ।

यसअघि परीक्षा बोर्डले तोकिएको समय ११ वैशाखमै परीक्षा गर्ने निर्णय गरेको थियो । सबै संयन्त्र प्रयोग गरेर भए पनि परीक्षा गर्ने तयारीमा बोर्ड थियो । सार्न

## बालबालिका...

सजाय गर्ने सम्बन्धमा व्यवस्था गर्न कानुन बनाउन लागिएको हो ।

यसमा नेपालबाट किन्ने, बेच्ने, वेश्यावृतिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कसैले बालबालिकालाई विदेश लगे २० वर्षसम्म कैद हुने प्रावधान प्रस्तावित छ ।

'बालबालिकालाई विदेश लैजानेलाई १५ वर्षदेखि २० वर्षसम्म कैद र ३ लाख रुपैयाँदेखि ५ लाख रुपैयाँसम्म जरिमाना र बालबालिकाबाहेक अन्य व्यक्तिलाई विदेश लैजानेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र २ लाख रुपैयाँदेखि ३ लाख रुपैयाँसम्म जरिमाना' विधेयकको दफा १० मा छ ।

बालबालिकालाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १० वर्षदेखि १२ वर्षसम्म कैद र २ लाख रुपैयाँदेखि ३ लाख रुपैयाँसम्म जरिमाना हुने छ । बालबालिकाबाहेक अन्य व्यक्तिलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई ५ वर्षदेखि १० वर्षसम्म कैद र १ लाख रुपैयाँदेखि २ लाख रुपैयाँसम्म जरिमाना हुने छ ।

मन्त्री सुडीका अनुसार २०८२ सालभित्रै विधेयक पास गरेर लागू गर्नेगरी ऐन संशोधन गर्न लागिएको छ। उनले भनेका छन्, 'अहिले पनि नागरिकको शारीरिक शोषण भइरहेको छ, यो लज्जास्पद विषय हो। तसर्थ, कानुन संशोधनमार्फत यस्ता विषयको सम्बोधन गरिँदै छ ।'

नेपालले पार्लेमो प्रोटोकल १६ जुन २०२० मा अनुमोदन गरेको थियो । पार्लेमो प्रोटोकलअनुसार पनि ऐन संशोधन गर्न लागिएको हो ।

## विभाग...

वनिर्वाचित संघको नेतृत्वलाई बधाई तथा शुभकामना प्रदान गर्ने कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले महानिर्देशक भण्डारी १-२ दिनमा विभागमा हाजिर हुने बताएका थिए ।

विगतमा नियुक्त हुनासाथ महानिर्देशक सकेसम्म छिटो हाजिर हुने गरेका थिए । महानिर्देशक नभएको भएपनि श्रम स्वीकृतिका काम भने सर्भरमा समस्या देखिएको अवस्थामा बाहेक पहिले जसरी नै भइरहेको बताइएको छ ।

## मञ्चको...

विद्रोहको तयारीमा रहेको बताए । मञ्चले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गत चैत २९ गते सम्पन्न कार्यसमितिको निर्वाचनमा मञ्चबाट सिफारिस गरिएका अध्यक्षलगायतका उम्मेदवारहरूलाई हराउन विपक्षी उम्मेदवारहरूलाई खुलारूपमा देखिनेगरी सहयोग र प्रचारप्रसार गरी मञ्चबाट सिफारिस उम्मेदवारहरूलाई पराजित गराउन प्रमुख भूमिका निर्वाह गरेको देखिएको भन्दै साधारण सदस्यबाट निष्कासन गरेको थियो ।

हाल भ्रमणका क्रममा संयुक्त राज्य अमेरिकाको मिनिसोटा राज्यमा रहेका व्यवसायी पाण्डे क्षेत्रीले मध्यान्ह दैनिकमा सोमबार आफ्नो निष्कासनसम्बन्धी समाचारमा प्रतिक्रिया जनाउँदै मञ्च एमाले निकट व्यवसायीभन्दा अराजकहरूको झुण्डमा परिणत भएको दाबी गरे । उनले भने, 'मञ्चमा अब व्यवसायी होइन, दासत्व स्वीकार गर्ने मात्रै रहन्छन् । इमानदार व्यवसायी म अमेरिकाबाट फर्केपछि सामूहिक राजीनामा गरेर बाहिरिने तयारीमा हुनुहुन्छ। यस्तो अवस्थामा अराजकहरूले मञ्चका अध्यक्षलाई मोहोरा बनाएर मलाई निष्कासन भनेका छन्, सक्छन् भने मेरो पार्टी सदस्यता खारेज गरेर देखाउन् ।'

मञ्चले पूर्वअध्यक्ष पाण्डे क्षेत्रीमाथि मञ्चबाट सिफारिस गरिएका अध्यक्षलगायतका उम्मेदवारहरूलमई हराउन विपक्षी उम्मेदवारहरूलाई खुलारूपमा देखिनेगरी सहयोग र प्रचारप्रसार गर्ने काम मञ्चको उद्देश्य, मर्म भावनाका साथै नेकपा एमाले पार्टी संगठन नीतिको विरुद्धको कार्य गरेको आरोप लगाएको छ।

पाण्डेले त्यसको पनि प्रतिवाद गरेका छन्। उनले भने, 'मञ्चले सामाखुसी क्षेत्रमा २ वटा चुनावी सभा गर्‍यो । तर पूर्वअध्यक्षको हैसियतमा रहेको मलाई जानकारीसमेत दिएन । अहिले पुरानो मितिको पत्र सार्वजनिक गरेर नाटक गरिएको छ। म १३७ व्यवसायी सदस्य रहेको वैदेशिक रोजगार व्यवसायी एकता समितिको अध्यक्ष छु । समितिले यस क्षेत्रबाट एउटामात्र उम्मेदवार भए सबैले मतदान गरेर जिताउने र एउटा पदमा २ उम्मेदवार भए विवेक प्रयोग गरेर मतदान गर्ने निर्णय भएअनुसार मञ्चको वैशाख ३ गतेको निर्णयमा भनिए झैं मैले सिन्डिकेट पक्षधरलाई नभइ व्यवसायीको हित गर्ने उम्मेदवारलाई मतदान गरेको हुँ । हरि पाण्डे मञ्चको सदस्य होइन, फ्युचर स्टार म्यानपावर मञ्चको सदस्य हो । हरि पाण्डेलाई कारबाही गरेर केही हुँदैन ।'

पाण्डेले संघको निर्वाचनमा एकता समिति सधैं निर्णायक शक्तिका रूपमा रहने भन्दै आफूलाई कम आँकिए महँगो पर्ने दाबी गरे । उनले कारबाही आफूलाई नभइ प्रगतिशीलका उम्मेदवार हटाएर नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको एक पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनसँग साँठगाँठ गर्नेहरूलाई हुनुपर्ने माग गरे ।

मञ्चले पूर्वअध्यक्ष पाण्डे क्षेत्रीलाई निष्कासन गरेको विषयमा नेकपा एमाले केन्द्रीय कमिटी, नेकपा एमाले उपत्यका विशेष प्रदेश कमिटी, नेपाल उद्योग तथा व्यवसायी महासंघ, नेकपा एमाले उद्योग व्यवसाय विशेष जिल्ला कमिटी, नेकपा एमाले तनहुँ जिल्ला कमिटी, नेकपा एमाले वैदेशिक रोजगार विशेष इलाका कमिटी काठमाडौं, नेकपा एमाले वैदेशिक रोजगार शाखा कमिटी सामाखुसीलाई बोधार्थ पठाएको छ । पाण्डेले भने, 'पार्टीलाई बोधार्थ पठाएको पत्रले मलाई कुनै असर गर्दैन, म जन्मजात एमाले हुँ, लद्दाख, काश्मिरमा भिडेर हुर्केको सिपाही हुँ । गुटबन्दी र अराजकताको विपक्षमा सधैं लडिरहने छु ।'

## पेन्सन...

पास गरेर जाने उनको भनाइ छ । ट्रेड युनियनहरूसँग धेरै पटक छलफल गरेर ऐनमा कर्मचारीहरूका ८५ प्रतिशत माग पूरा भएकाले थप छलफल गर्न आवश्यक नठानिएको सांसदहरूले बताएका छन् ।

**साउदीमा रोजगार** | कम्पनी: INDIAN CORNER RESTAURANT | शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८२/०१/०९ | चलानी नं.: ६०२३६४९४ | L.T. No.: 321970

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 1 | 0 | स. काममा दक्ष | 1400 | ५०,७२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १७ गते (30 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
सिनामंगल, काठमाडौं, नेपाल, फोनः ०१-४५६९३७२ ०१-४५६१०७७, ९८४९१७०६०२, ९८२३३५१५४५

**साउदीमा रोजगार** | कम्पनी: Sultan Bin Muhammad Bin Shabib Al Shalawi General Contracting Establishment
पूर्व स्वीकृत मितिः २०८२/०१/०८ | चलानी नं.: ६०२३६४८० | L.T. No.: 322371 | शहर : Riyadh

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६५,२१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १७ गते (30 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौं, नेपाल, फोनः ०१-४५८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

**शुन्य लागत (Zero Cost) मा ओमनमा रोजगारको अवसर**
कम्पनी : SOCAT LLC | शहर : AL KHUWAIR
पूर्व स्वीकृत मितिः २०८१/०९/०४ | चलानी नं.: ६०२२९५०५ | LT. No.: 315633 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food Service Supervisor | 4 | 0 | सम्बन्धित काममा दक्ष | 250 | ८८,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreigh Food Cook | 3 | 0 | | 200 | ७०,६०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १७ गते (30 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. १,५०० कामदारले | निःशुल्क |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफसँग राख्नुहोला ६ काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

**Vision & Value Overseas Pvt. Ltd.**
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194835 | 9863194834 | 9863194832

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१/९**

डोटी जिल्लाको जोरायल गाँउपालिका अर्न्तगत रहेका तपसिल बमोजिमका सा.व.उ.स को वन क्षेत्रबाट आ.व. ०८१/०८२ मा उत्पादन भई तपसलिमा उल्लेखीत घाटगद्दीमा राखिएको तपसिल बमोजिमको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुटा छुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि सम्बन्धित सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**तपसिल**

| सि. नं. | सामुदायिक वनको नाम / ठेगाना | लिलाम विक्रि गरनि वन पैदावार को विवरण: जात | गोलिया थान | परिमाण (क्यू.फिट ) |
|---|---|---|---|---|
| १ | महेन्द्र सा.व.उ.स जोरायल गा.प.४ चुचुनढुगां डोटी | सल्ला | ग्रेड ए ९८ थान<br>ग्रेड बि २५८ थान<br>टाटल थान : ३५६ | १८०८.५१ ।–<br>२४०६.४३<br>कुल परिणाम ४२१४.९४ |
| २ | ब्रहा सा.ब.उ.समुह जोरायल गा.प.४ गाजरी डोटी | सल्ला | ग्रेड ए ६४ थान<br>ग्रेड बि ५७ थान<br>टोटल थान : १२१ | ११२६.४२ ।–<br>६१२.९६ ।–<br>कुल परिणाम १७३९.३८ ।– |

**कृषि ज्ञान केन्द्र**
**गौर, रौतहट**

**कार्यक्रम संचालन गर्न प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित : २०८२/०१/१०**

यस कृषि ज्ञान केन्द्रको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रम बीउ विजन उत्पादन आपुर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ को दफा ९ को उपदफा ९ बमोजिम अनुदानमा संचालन गर्नु पर्ने भएकोले ईच्छुक सेवा ग्राहीहरुले आवश्यक कागजात सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र (२०८२/०१/२४ गते सम्म) यस केन्द्रमा प्रस्तावना पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

**तपसिल**

| सि. न | कार्यक्रमको नाम | क्रियाकलाप | अधिकतम अनुदान % | लक्षित सेवा ग्राही |
|---|---|---|---|---|
| १ | श्रोत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग | अनुसूची-५ अनुसारका पुर्वाधार निर्माण | बढीमा ५०% | श्रोत बीउ उत्पादक कृषक वा समूह वा बीउ बिजन सँग सम्बन्धित सहकारी संस्था वा निजी कम्पनी वा उद्यमी |

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु:**
१. कार्यालयले तोकेको ढाँचा फारममा रु. १० को हुलाक टिकट सहित आयोजनाको औचित र आवश्यक्ता सम्बन्धी अवधारणा पत्र ।
२. श्रोत बीउ उत्पादनका लागि प्राप्त इजाजत/अनुमति पत्रको प्रतिलिपी ।
३. बीउ व्यवसायि/कम्पनि/समूह/सहकारी/वीउ विजन विक्रेता प्रमाणपत्र/फर्म संस्था दर्ता प्रमाणपत्र / करचुक्ता प्रमाण र स्थायी लेखा नम्बरको प्रतिलिपी । तथा भ्याट/प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
४. सहकारी/समूहको हकमा कार्यक्रम माँग सम्बन्धी निर्णयको प्रतिलिपी ।
५. जिम्मेवारी दिई खटाईएको व्यक्ति वा पदाधिकारीको अख्तियारी पत्र तथा अध्यक्षको नागरीकता प्रमाण पत्रको प्रतिलिपी ।
६. सम्बन्धित कृषि शाखा वा स्थानिय तहको सिफारीस ।
७. बीउ बीजन सम्बन्धि कार्य गर्न/व्यवसाय संचालन अनुमती प्रमाणपत्र तथा सम्बन्धित निकायले तोकेको शर्तहरु पुरा गरेको आवश्यक कागजातहरु ।
८. कार्यक्रम संचालन हुने स्थानको जग्गाको जग्गा धनी प्रमाण पत्रको प्रतिलिपी ।

**नोटः** रित नपुगेका र म्याद नाधी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गराईने छैन । विस्तृत जानकारीका लागि कृषि ज्ञान केन्द्र रौतहटमा सम्पर्क गर्नुहोला तथा यस कार्यालयको वेवसाईट **akcrautahat.madhesh.gov.np** भिजिट गर्न सकिन्छ ।

# ‘शिक्षामन्त्रीको राजीनामा स्वास्थ्यका कारण आएको हो’

**काठमाडौं/मस**–प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले आफूसँग असहमति नभइ स्वास्थ्यका कारण राजीनामा दिएको स्पष्ट गरेका छन् ।



नेपाल कम्युनिष्ट पार्टीको ७६ औँ स्थापना दिवसका अवसरमा आयोजित मन्त्री भट्टराईको राजीनामालाई प्रधानन्त्रीको असहयोग र उपेक्षाका कारण भनेर बाहिर चर्चा गरिएका असन्तुष्टि जनाउँदै भने, ‘उहाँ मैले बनाएको मन्त्री हो । मैले काम लगाइरहेको छु। सहयोग गरिरहेको छु । सिकाइराखेको छु । ठूलो मन्त्रालय छ, अहिले स्वास्थ्य ठिक भएन भनेर राजीनामा दिनुभएको हो। यसमा अन्य प्रचारबाजी गर्नुको कुनै अर्थ छैन ।’

प्रधानमन्त्री ओलीले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा स्वास्थ्य परीक्षणका लागि बैंकक गएको सन्दर्भलाई पनि सरकार ढल्छ भन्ने खालका हल्लासँग जोड्न खोजिएको टिप्पणी गर्दै एमाले र कांग्रेससँगको सहमतिबमोजिम १५ महिनापछि आफूले सभापति देउवालाई प्रधानमन्त्री हस्तान्तरण गर्ने दोहोऱ्याए ।

यस्तै ओलीले आफ्नो उमेर र स्वास्थ्यका बारेमा कसैले चिन्ता लिनुनपर्ने बताए । ओलीले आफू अहिले बुढो नभएको र अस्वस्थ्य नरहेको स्पष्ट गरे । ‘कतिपयलाई मेरो उमेर र मेरो स्वास्थ्यको चिन्ता छ। अहिले म बिरामी छैन। अबको २०-२५ वर्षपछि बुढो हुन्छु। कसैले हतार गरेर हुँदैन । मलाई मेरो उमेर र स्वास्थ्यका कुरा गर्नु पर्दैन । केपी ओलीविनाको एमाले कसैले कल्पना गरेको छ भने त्यो पूरा हुँदैन ।’

प्रधानमन्त्री ओलीले थपे, ‘कसैले एमालेविनाको देशको पनि कल्पना गरेका छन् । केपी ओलीविनाको एमाले किन खोजेको होला ? तिनको मनसाय राम्रो भए त म सरक्क छोडिदिने थिएँ । एमालेविनाको नेपाल हेरौँला, मिसन २०८४ मा, हामी झन् बलियो भएर आउनेछौँ ।’

# जलवायु परिवर्तनबाट हिमाली क्षेत्र बढी प्रभावित



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ९ वैशाख

कर्णाली प्रदेश सरकारका सांसद देवेन्द्र बहादुर शाहीले जलवायु परिवर्तनले हिमाली क्षेत्रहरुलाई बढी असर पारेको बताएका छन् ।

विकास साझेदार संस्था किर्डाक नेपालद्वारा जुम्लामा आयोजित जलवायु परिवर्तन र यसले पारेका असर सम्बन्धी संवाद कार्यक्रममा बोल्दै शाहीले जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्न सरकार पनि लागि परेको बताए ।

उनले जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण र त्यसलाई अनुकरण गर्नका लागि सरकारका सबै निकायहरुमा छलफल गरेर अगाडि बढाइसकेको बताए । उनले सबैको राय, सुझाव, सल्लाह लिएर करिब करिब सगरमाथा संवादको शुभारम्भको दिनमा एनडिसी ३.० प्रकाशित गर्ने तयारी गरिएको बताए ।

कर्णाली प्रदेशका १० वटै जिल्लाका नागरिक अगुवा,बालबालिका, तथा युवाहरुको सहभागितामा हिमाली संवाद सुरू भएको छ ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख गौरी नन्द आचार्यले कार्बन उत्सर्जनमा हाम्रो भूमिका नभएपनि जथाभावी बाटो खन्ने, रुख बिरुवा मास्ने र वातावरण मास्ने काम दिन प्रति दिन भएको बताए ।

त्यस्तै जुम्लाका प्रमुख जिल्ला अधिकारी रामबहादुर शाहीले जिल्लामा जलवायु परिवर्तनका धेरै कार्यक्रममा भएको बताए । उनले कार्यक्रम हुने तर कार्यान्वयन पक्ष फितलो देखिएको बताए ।

त्यस्तै किर्डाक नेपालका कार्यकारी निर्देशक गोविन्द बहादुर शाहीले हिमाली संवादका मुख्य उद्देश्यहरू बालबालिका र युवाको आवाजलाई बुलन्द गर्ने रहेको बताए ।

किर्डाक नेपालकी अध्यक्ष सम्झना मल्लले वातावरणीय क्षति र उत्सर्जनमा नगण्य योगदान गरेता पनि यी क्षेत्रका बालबालिकाले यसका विनाशकारी परिणामहरूको सबैभन्दा बढी मार खेपिरहेको बताइन् ।

# लुम्बिनी प्रदेश सरकारको ३२ अर्बभन्दा कम बजेट ल्याउने तयारी

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, ९ वैशाख



लुम्बिनी प्रदेश सरकारले ३२ अर्ब भन्दा कम बजेट ल्याउने तयारी गरेको छ । गत वर्ष ३९ अर्बको बजेट ल्याएको प्रदेश सरकारले यो वर्ष सात अर्ब घटाएर बजेट ल्याउने तयारी गरेको हो ।

मुख्यमन्त्री चेतनारायण आचार्यले आर्थिक वर्ष २०८२/०८३ को बजेट जनतामा सकरात्मक सन्देश दिनेगरी योजना तर्जुमा गर्न मातहतका निकायलाई निर्देशन दिएपछि सरकारले बजेट घटाउने तयारी गरिएको बताइएको छ ।

चालू आर्थिक वर्षमा झण्डै ३९ अर्बको बजेट ल्याइएको भए पनि आगामी वर्षमा ३२ अर्बभन्दा बढी बजेट बनाउने अवस्था नरहेको अर्थ मन्त्रालयका उच्च अधिकारीले बताए । यसपटक घाटाको बजेट ल्याएर अघि बढ्न सकिँदैन। त्यसैले बजेटको सीमा निर्धारण गर्ने तैयारी भएको अर्थमन्त्री धनेन्द्र कार्कीले जिकिर गरे। आचार्यले समानिकरण अनुदान प्राप्त नहुँदा दायित्व थपिएको अवस्था रहेपनि अब त्यसबाट मुक्त भइसकेको प्रदेश सरकारले अब ऋण बोक्ने, भार थुपार्ने काम नगर्ने बताए ।

लुम्बिनी प्रदेश सरकारले आगामी वर्षको बजेट निर्माणलाई यथार्थपरक, परिणाममुखी र जनउत्तरदायी बनाउने गरी छलफल प्रक्रिया अघि बढाएको छ। बजेटले दायित्व व्यवस्थापन, स्रोतको उचित परिचालन, सेवा प्रवाह सुधार तथा समृद्धिको दिशा देखाउने अपेक्षा गरिएको छ । कार्यक्रममा भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले आयोजनाको अवस्था हेरेर बजेटको मापदण्ड निर्माण गरिनुपर्ने बताए । विगतमा धेरै टुक्रे आयोजना क्षेत्र विकास कोषबाट आएका थिए ।

स्वास्थ्य मन्त्री खेमबहादुर सारुले मातृ मृत्यु दर, बाल मृत्यु दर, कुपोषणजस्ता समस्यालाई समाधान गर्ने गरी बजेटले लाई प्राथमिकता दिनुपर्ने बताए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री सीता शर्मा चौधरीले बजेट तर्जुमा छलफल गर्दा आयोजनाको क्षेत्र हेरेर सीमा तोक्नुपर्ने बताइन् । प्रदेश योजना आयोगका उपाध्यक्ष डा.डिल्लीराज अर्यालले दोस्रो आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका क्षेत्रहरूलाई बजेटमा प्राथमिकता दिन सके धेरै समस्या समाधान हुने सुझाव दिए ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव डिलाराम पन्थीले सेवा प्रवाह चुस्त बनाउने, नागरिकको विश्वास जगाउने कार्यक्रमलाई बजेटमा समावेश गर्ने तयारी गरी सरकार अगाडि बढ्नुपर्ने सुझाव दिए ।


## Vacancy Annoucement

Join Our Team — Apply Now

A fair and responsible foreign recruitment organization having requesting interested candidates to submit their application for the following position:

**Positions:**
- Accountant (Male/Female) - 1
- Public Relations Officer (PRO) (Male/Female) - 3

Salary Negotiation

Requirement:
★ Minimum Bachelor Degree Pass.★ Fluency in English.
★ Good Computer Skills (Office Package, PhotoShop, PDF, Email, Scanning & More.)
★ Minimum 2 Years of experience in manpower field is mandatory.

Interested candidates send your CV to apply:
Email: info@suharaemployment.com 9818771253| 9841319697.

Suhara Foreign Employment Agency Pvt. Ltd.
New Baneshwor- 10, Kathmandu, Nepal | Tel: 01-015920725
Web: www.suharaemployment.com



## साउदी र कतारमा बैदेशिक रोजगारको अवसर

1. कम्पनी : Saudi Manpower Solutions Co. शहर: Saudi Arabia,Riyadh
पूर्व स्वीकृती मिति : २०८२/०१/०९ चलानी नं. ६०२३६४९२ LT No. 322390

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Worker | 50 | काममा दक्ष | 1000 | ३६,३३० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

2. कम्पनी : Glassco Doha Aluminium & Glass WLL शहर: Doha, Qatar पुन विज्ञापन
पूर्व स्वीकृती मिति : २०८१/०९/१८ चलानी नं. ६०२३०९०८ LT No. 316303

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Glass Instal Worker | 2 | काममा दक्ष | 1200 | ४४,९८० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Glass Technician | 4 | | 1200 | ४४,९८० | | | | | | | |
| ३. | Labourer | 1 | | 1000 | ३७,४९० | | | | | | | |

3. कम्पनी : North Pearl Transportation शहर: Doha, Qatar पुन विज्ञापन
पूर्व स्वीकृती मिति : २०८१/०९/१८ चलानी नं. ६०२३०९०६ LT No. 316304

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labourer | 1 | काममा दक्ष | 1000 | ३७,४९० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Heavy Vehicle Driver | 2 | | 1900 | ७१,४८० | | | | | | | |
| ३. | Driver | 4 | | 1500 | ५६,४३५ | | | | | | | |
| ४. | Truck Driver | 4 | | 1900 | ७१,४८० | | | | | | | |
| ५. | Heavy Equipment Driver | 5 | | 1900 | ७१,४८० | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैले | रु ७००/- कामदार आफैले | रु १५००/- कामदार आफैले | नि:शुल्क | नि:शुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौँमा २०८२ वैशाख १७ गते (30 April, 2025) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

Empire International Pvt. Ltd.
Shantinagar, Kathmandu, Nepal
Phone No: 01-4621348, 4620715
E-mail: jobs@empirenepal.com
Lic. No. 695/063/064



## नाम परिवर्तन गरिएको सूचना

पहिलो पटक प्रकाशित मिति : २०८२/०१/१०

यस कम्पनी २०८१/०९/२६ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको क्लिक सर्कल अफ फोटो भिडियो एण्ड इडिटिङ्ग प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहार्ने गरी श्री कम्पनी रजिस्ट्रारको कार्यालयको मिति २०८१/१२/३१ गते को पत्रअनुसार कम्पनीको नाम परिवर्तन गरी **चिनो प्रोडक्शन प्रा.लि.** (२२१५४९) कायम गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



## साउदीमा रोजगार

कम्पनी: MODERN SHINE CARS ESTABLISHMENT. शहर: Altaweel
पूर्व स्वीकृत मिति: २०८२/०१/०५ चलानी नं.: ६०२३६२२० LT. No.: 322080

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Metal Polishers | 3 | 0 | स. काममा दक्ष | 1600 | ५७,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

## युएईमा रोजगार

कम्पनी: KAF ALRAKHA BUILDING MAINTENANCE शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/०८ चलानी नं.: ६०२३६४२६ LT. No.: 322230

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Male | 100 | 0 | स. काममा दक्ष | 900 | ३३,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १७ गते (30 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

POWER SUPPORT EMPLOYMENT PVT.LTD. License No: 1710/081/082
Sinamangal-09, Kathmandu, Nepal, Ph No: +977-01-5922710, 9851154184, 9801155184,
Gmail: info@powersupport.com.np, poweremp33@gmail.com, Web: www.powersupport.com.np

यस कार्यालयका लागि Documentation officer र PRO आवश्यकता भएकाले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।



## यूएईमा रोजगार

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०१/०८ चलानी नं.: ६०२३६३५२ LT. No: 322258

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 100 | 0 | स. काममा दक्ष | 800 | २९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |



अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १७ गते (30 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।



Gorkhas Associate (P.) Ltd.
Gov. Lic. No. 969/067/068
P.O. Box: 21051, Maharajgunj, Kathmandu, Nepal
Tel: 4378895, 4377756, 4379078

## साउदीमा रोजगार

कम्पनी: MOHAMMED SAAD MOHAMMAD AL-GHURAIRY AL-DOSSARY AND BROTHERS COMPANY शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८२/०१/०८ चलानी नं.: ६०२३६४८१ LT. No.: 322388

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३६,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |



अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १७ गते (30 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।



हेभन ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ३७७/०५९/०६०
पोष्ट बक्स नं: ९९२४, पिंगलास्थान, गौशला, काठमाडौं, फोन: ४११३६४४, ४११३७७८, फ्याक्स: ४११३७७८
E-mail : heaven@wlink.com.np, Web:www.heavenoverseas.com


## Bardagoriya Rural Municipality
## Water Sector Governance and Infrastructure Support Project
### Bardagoriya Project Implementation Unit
Bardagoriya, Kailali

**Letter of Intent (LOI)**

**Date of publication: 23rd April, 2025**

This is to notify (as per section 27 (2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contract to following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N. | Contract ID | Project Name, Location | Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | NP-DWSSM-424229-CW- RFB | Construction of Public Toilet in Bardagoriya Rural Municipality. | Malika Masta Nirman Sewa, Lamkichuha-11, Kailali | 72,23,648.11 |

**Project Manager**

## कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा

**अनलाइन बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०१/१०**

यस नगरपालिकाको तपशिल बमोजिमको निर्माण कार्य संचालन गर्नका लागि बोलपत्र आह्वान गरिएको छ । बिस्तृत सूचना, शर्तहरु तथा बोलपत्र फारम www.bolpatra.gov.np/egp मा राखिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०२/०९ मध्यान्ह १२ बजेभित्र तथा बोलपत्र खुल्ने मिति २०८२/०२/०९ दिउँसो १२:३० बजे ।

| सि नं. | बोलपत्रको बिवरण | ल.इ. रकम भ्याट सहित | बिडबन्ड रकम | फारम दस्तुर |
|---|---|---|---|---|
| १ | स्वर्गद्वारी मार्ग कालोपत्रे निरन्तरता Kanakai/NCB/Works/9/081-82 | रु. ४४,६७,०१६।८० | रु. १,००,०००।०० | रु. ३,०००।०० |

## बागमती प्रदेश सरकार
## खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय
## खानेपानी तथा सरसफाई डिभिजन नं. ४
रामेछाप, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मिति: २०८२/०१/१०**

यस कार्यालयको मिति २०८१/११/१५ गते प्रकाशित विद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न कार्यको लागि पर्न आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको न्यूनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतीको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्र पेश गर्ने सम्बद्ध सबैका लागी यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर / PS बाहेक) |
|---|---|---|---|---|
| १. | CONS/NCB/RCH/13/2081/82 | Construction of 40 cum overhead tank of Tallo vakuwahi WSP | श्री साला भेना कन्स्ट्रक्सन प्रा.लि. वार्ड न. २, दुधौली | २१,२४,५६४.५।- |
| 2 | CONS/NCB/RCH/14/2081/82 | Construction of 25 cum overhead tank of of Adhiling Kusheshor Mahadev Mandir WSP | श्री बोगटी एण्ड ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि. वार्ड न. १, मन्थली | १९,३९,४९३.७५।- |
| 3 | CONS/NCB/RCH/15/2081/82 | Pipe laying,jointing work (HDPE) work and filter media filling in slow sand filter and horizontal roughing filter of Siddeshwor WSP | श्री बोगटी एण्ड ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि. वार्ड न. १, मन्थली | ४५,८४,११६।- |

Government of Nepal
## Ministry of Water Supply
## Department of Water Supply and Sewerage Management
## Water Sector Governance and Infrastructure Support Project
Project Management Unit
Panipokhari, Kathmandu

**Invitation for Bids**

**Date of publication: April 23, 2025 (2082/01/10)**
**Funding Agency: The World Bank**
**Credit No.: 7132-NP**
**IFB No.: 01-G-WaSGISP/081/082**

Water Sector Governance and Infrastructure Support Project invites electronic bids from Nepalese eligible bidders for the **supply of following goods** under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No. | Brief Description of the Contract |
|---|---|---|
| 1. | NP-DWSSM-477050-GO-RFQ | Procurement of Monitoring Equipment for the Existing Distribution Network in Birendranagar |

All bidders shall only submit their bid electronically and bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hour on **May 25,2025** For more detail information download the Bidding Document.

**Project Director**

मध्यान्ह
www.madhyanhadaily.com
१० वैशाख २०८२ बुधबार
23 April 2025, Wednesday

## सम्पादकीय

# आपत्तिजनक अभिव्यक्ति

शिक्षकहरूको आन्दोलन चर्कंदै जाँदा शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिएपछि देशकै मुख्य चासो यसैतर्फ तानिएको छ । आन्दोलनरत शिक्षकहरूले समेत आफ्नो माग शिक्षामन्त्रीको राजीनामा नरहेको प्रस्टोक्ति दिएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीकै असहयोगका कारण शिक्षामन्त्रीबाट भट्टराईले राजीनामा दिएको टिप्पणी भइरहेको छ । प्रधानमन्त्रीसँगै जोडेर एउटा योग्य मन्त्रीको राजीनामा आएको टिप्पणी आमनिष्कर्ष जस्तै बनिरहेको छ । आफ्नो नामसँग जोडिएर भइरहेको टिप्पणीप्रति प्रधानमन्त्री ओलीले सार्वजनिक रूपमै आक्रोश पोखेका छन् । नेपाल कम्युनिस्ट पार्टीको ७६औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममार्फत प्रधानमन्त्री ओलीले शिक्षामन्त्रीको राजीनामाप्रति भइरहेको टिप्पणीको खण्डन गरेका हुन् । तर, खण्डनको भाषाले भने प्रधानमन्त्री पदको गरिमा बोक्दैन थियो ।

प्रधानमन्त्री ओलीले मन्त्री पदबाट राजीनामा गरेकी भट्टराईको योग्यतामाथि नै सार्वजनिक प्रश्न उठाएका छन् । मन्त्रालय चलाउन सक्ने सामर्थ्य भट्टराईसँग नरहेको प्रधानमन्त्रीको टिप्पणी थियो । आमसाधारणले उल्टो प्रतिक्रिया जनाइरहेका छन् । उनीहरूका अनुसार भट्टराईसँग नभएर ओलीसँग सरकार चलाउने योग्यता छैन । आमसाधारणले यस्तो प्रतिक्रिया जनाउनुमा भने शिक्षकहरूकै आन्दोलनका क्रममा प्रधानमन्त्री ओलीले दिएको अभिव्यक्ति कारण देखिन्छ किनकि शिक्षकहरूको आन्दोलनप्रति प्रधानमन्त्री ओलीले हलुका टिप्पणी गर्दै आएका छन् भने भट्टराईले मन्त्रीको हैसियतमा समस्या हल गर्न सक्दो पहल गरिरहेकी थिइन् । तर, प्रधानमन्त्री ओली र आन्दोलनरत शिक्षकहरूको अडान समस्या बनिरहेको छ । त्यसैले, प्रधानमन्त्री ओलीको अभिव्यक्तिप्रति आमनागरिकले चित्त बुझाउन सकेको देखिँदैन ।

अतः प्रधानमन्त्रीको टिप्पणीलाई जबाफदेहिता र मर्यादासँग तुलना गर्न सकिन्छ । अझ यो विषयलाई समाचार बनाउने आमसंचार माध्यमहरूप्रति प्रधानमन्त्री ओलीको अभिव्यक्ति शोभनीय र जिम्मेवार देखिँदैन । प्रधानमन्त्री ओलीले संचार माध्यमहरूले आफूविरूद्ध दुस्मनी लिएर एकताबद्ध प्रहार भइरहेको बताएका थिए । एउटा जिम्मेवार नेता र देशका प्रधानमन्त्रीका निम्ति यस्तो भाषा शोभनीय होइन । प्रधानमन्त्री र देशका प्रमुख दलका नेताले यस्तो बोल्दा आमसंचार माध्यमप्रतिको विश्वास कमजोर बन्छ । प्रेसप्रति हुने अविश्वासले लोकतन्त्रलाई कमजोर बनाउँछ किनकि शासकप्रति प्रश्न उठाउने स्वतन्त्र प्रेस लोकतन्त्रको अनिवार्य क्षेत्र हो । तर, प्रधानमन्त्री ओलीले स्वतन्त्र प्रेसलाई प्रभावित पार्ने र अविश्वास सिर्जना गर्ने प्रयास गरिरहेका छन् । यस्तो अनपेक्षित काम चौथो पटक प्रधानमन्त्री पद हाँकिरहेका ओलीजत्तिका व्यक्तिबाट आउनु मुलुकको हितमा हुन्दैन ।

# अबको बजेट कस्तो बनाउने ?

*अब बन्ने बजेट वार्षिक खर्चको खाका मात्र होइन, दीर्घकालीन आर्थिक रूपान्तरणको दस्तावेज हुनुपर्छ । अबको बजेट 'के खर्च गर्ने' भन्दा पनि 'कसरी राष्ट्र उत्पादनशील बनाउने' भन्ने सोचमा केन्द्रित हुनुपर्छ...*

अग्रलेख



● ईश्वर बुढाथोकी

नेपालको आर्थिक परिदृश्य अहिले गम्भीर मोडमा छ । बेरोजगारी, वैदेशिक रोजगारमा निर्भरता, कृषि उत्पादनमा आत्मनिर्भरता नहुनु, उद्योगधन्दा सुस्त हुनु र निर्यातभन्दा आयात बढ्दो दर- यी सबै आर्थिक कमजोरीका लक्षण हुन् ।

यस्तो अवस्थामा अब बन्ने बजेट वार्षिक खर्चको खाका मात्र होइन, दीर्घकालीन आर्थिक रूपान्तरणको दस्तावेज हुनुपर्छ । अबको बजेट 'के खर्च गर्ने' भन्दा पनि 'कसरी राष्ट्र उत्पादनशील बनाउने' भन्ने सोचमा केन्द्रित हुनुपर्छ ।

पहिलो कुरा, बजेटले प्राथमिकताहरू स्पष्ट पार्नै पर्छ । विगतका बजेटहरूमा पनि शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, ऊर्जा आदि प्राथमिकतामा राखिएको पाइन्छ । तर, कार्यान्वयन तहमा पुगेपछि ती प्राथमिकताहरू मौकामा थन्किन्छन्, योजनाहरू ठेकेदार मुखी र खर्चमुखी हुन्छन् ।




अब चाहिने बजेट भनेको प्राथमिकताहरूलाई परिणाममुखी योजनामा रूपान्तरण गर्ने खालको हुनुपर्छ, जसले सरकारी लगानीबाट प्रत्यक्ष उत्पादन र रोजगारी सिर्जना गर्छ ।

बेरोजगारी अहिलेको सबैभन्दा ठूलो चुनौती हो । लाखौं युवा रोजगारीको अभावमा विदेश पलायन भइरहेका छन् । यो परिस्थितिलाई नियन्त्रण गर्न अबको बजेटले युवामुखी उत्पादन र उद्यमशीलतालाई केन्द्रमा राख्नुपर्छ । युवा उद्यमलाई सहज कर्जाको पहुँच, सीप, तालिमसँग जोडिएको स्टार्टअप अनुदान, प्राविधिक शिक्षाको विस्तार र निजी क्षेत्रसँग सहकार्य गरेर रोजगारी सिर्जना गर्ने कार्यक्रम अबको बजेटको मुटु हुनुपर्छ ।

अर्को महत्त्वपूर्ण पक्ष हो- कृषि । नेपालको अर्थतन्त्रमा कृषि मुख्य आधार हो भन्ने भनाइ वर्षौं सुनियो तर नीति र लगानीको हिसाबले कृषि सधैं दोयम दर्जामा परेको छ । अबको बजेटले आधुनिक कृषि प्रविधि, सिँचाइ सुविधा, बिउ तथा मलको सुनिश्चितता, बजार ग्यारेन्टी, मूल्य स्थायित्व र किसानको आयमा सुधार ल्याउने नीति अवलम्बन गर्नै पर्छ ।

सहकारी, निजी क्षेत्र र स्थानीय तहसँग सहकार्य गरेर कृषि उत्पादनमा क्रान्ति ल्याउन सकिन्छ । कृषि आत्मनिर्भर बनाउने उद्देश्यले बजेटमा समर्पित स्रोतको हिस्सा उल्लेख्य हुनु आवश्यक छ ।

स्वास्थ्य र शिक्षाको सवालमा बजेट कहिले पनि पर्याप्त हुँदैन तर यो क्षेत्रको खर्च कार्यक्षमता अभावले अपव्ययमा परिणत हुने गरेको छ । अबको बजेटले 'कति' भन्दा पनि 'कसरी' भन्ने प्रश्नलाई प्रमुखतासाथ सम्बोधन गर्नुपर्छ ।

उदाहरणका लागि, ग्रामीण क्षेत्रका विद्यालयमा गुणस्तरीय शिक्षा दिन शिक्षकको तालिम, प्रविधि, पाठ्यक्रम सुधार र अनुगमन प्रणालीलाई बलियो बनाउनुपर्छ । स्वास्थ्य सेवामा सेवा विस्तारसँगै गुणस्तर र पहुँच सुधार्नुपर्छ । सरकारी अस्पतालहरूलाई आधुनिकीकरण गर्नु, डाक्टर र स्वास्थ्यकर्मीको अभाव न्यूनीकरण गर्नु र डिजिटल स्वास्थ्य प्रणाली विस्तार गर्नु अबको आवश्यकता हो ।

> अबको बजेटले राष्ट्रलाई आत्मनिर्भर बनाउने, उत्पादनशीलता बढाउने, रोजगारी सिर्जना गर्ने तथा जनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तन ल्याउने खालको हुनुपर्छ । यदि बजेट अझै पनि परम्परागत ढर्रामा सीमित रह्यो भने आर्थिक सुधारको सपना केवल कागजी रहन सक्छ...

अर्को मुख्य विषय हो- पूर्वाधार विकास । विगतमा पूर्वाधार निर्माणलाई धेरै बजेट दिइयो तर ती योजना अलपत्र, भ्रष्टाचारग्रस्त र जनउत्तरदायी नहुनाले खर्च प्रभावकारी हुन सकेन । अबको बजेटले सस्तो, प्रभावकारी र स्थानीय आवश्यकताअनुसारको पूर्वाधारमा प्राथमिकता दिनुपर्छ ।

काठेखोला, नालाकुला योजनाभन्दा स्थानीय सडक, सिँचाइ, विद्युत् र इन्टरनेट जस्ता आधारभूत पूर्वाधारमा लगानी गर्नुपर्छ । ठूला योजनाभन्दा पनि जनतालाई प्रत्यक्ष सेवा पुग्ने साना र मध्यम योजनाहरूलाई बल दिनु आवश्यक छ ।

आन्तरिक राजस्व वृद्धि हुने खालको बजेट अहिले अत्यन्त आवश्यक छ । अनुत्पादक क्षेत्रका अनुदान कटौती गरेर उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्छ । कर प्रणाली पारदर्शी, सरल र करदातामैत्री बनाइनु आवश्यक छ । कर संकलनमा प्रविधिको प्रयोग बढाएर कर छली घटाउनु र सम्पत्ति कर जस्ता सुधारात्मक कदम चाल्नु यस पटकको बजेटको भाग हुनुपर्छ ।

देशको आयातमुखी अर्थतन्त्रले सन्तुलन गुमाएको छ । व्यापारघाटा घटाउन बजेटले निर्यात प्रवर्द्धनमा विशेष कार्यक्रम ल्याउनु जरुरी छ । लघु तथा घरेलु उद्योगलाई प्रोत्साहन, निर्यातमुखी उद्योगको स्थापना, विदेशी लगानी आकर्षणका लागि सहजीकरण र नीति स्थिरता आवश्यक छ । 'मेड इन नेपाल'लाई अभियान बनाएर नेपाली वस्तुको उत्पादन र निर्यात बढाउने योजना बजेटमा समावेश हुनुपर्छ ।

संघीयता कार्यान्वयनको चरणमा भएकाले अबको बजेटले केन्द्र, प्रदेश, स्थानीय तहबीच समन्वयमा स्पष्टता ल्याउनु आवश्यक छ । स्रोत बाँडफाँट, जिम्मेवारी र बजेट उपयोगका विषयमा अन्योलले नीतिगत निर्णय कमजोर बनेको छ । त्यसैले, बजेटले संघीय ढाँचाको मजबुतीका लागि स्पष्ट कार्यविधि र स्रोतको सुनिश्चितता दिनुपर्छ ।

अन्तर्राष्ट्रिय ऋणको बोझ बढ्दो क्रममा छ । अबको बजेटले ऋणका परियोजनाहरूको कार्यक्षमता सुनिश्चित गर्न, फजुल खर्च नियन्त्रण गर्न र परिणाममूलकता बढाउन जोड दिनुपर्छ । ऋण लिने प्रवृत्ति होइन, आन्तरिक स्रोतबाट दिगो वित्तीय व्यवस्थापन बजेटको मूल सोच हुनुपर्छ ।

बजेट केवल सरकारी खर्चको सूची होइन, यो राष्ट्रको आर्थिक दृष्टिकोण र नीति निर्धारणको दस्तावेज हो । त्यसैले, अबको बजेट जनउत्तरदायी, समावेशी र दीर्घकालीन सोचमा आधारित हुनुपर्छ । नीति निर्माणमा सहभागी सबै पक्षको भूमिका हुनु आवश्यक छ- सरकार, निजी क्षेत्र, नागरिक समाज र जनताको ।

योजनाहरू नाफामुखी र पारदर्शी हुनुपर्छ । कार्यान्वयनको निगरानी संयन्त्र बलियो बनाउनुपर्छ । बजेट निर्माणदेखि कार्यान्वयनसम्म सम्पूर्ण प्रक्रिया खुल्ला, पारदर्शी र जिम्मेवार बनाउने हो भने मात्र बजेटले राष्ट्र निर्माणमा भूमिका खेल्न सक्छ । अबको बजेटले राष्ट्रलाई आत्मनिर्भर बनाउने, उत्पादनशीलता बढाउने, रोजगारी सिर्जना गर्ने तथा जनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तन ल्याउने खालको हुनुपर्छ । यदि बजेट अझै पनि परम्परागत ढर्रामा सीमित रह्यो भने, आर्थिक सुधारको सपना केवल कागजी रहन सक्छ । यसैले, अबको बजेट 'राजनीतिक घोषणापत्र' होइन, 'राष्ट्रिय रूपान्तरणको नक्सा' बन्नुपर्छ, जसले आर्थिक सुधारको यात्रा सुरु गर्छ- गफले होइन, कार्यले ।

## इतिहासमा आज

२३ अप्रिल १९४० मा मिसिसिपीको नाचेजमा रहेको एक नृत्य हल रिदम क्लबमा आगलागी हुँदा १९८ जनाको मृत्यु भएको थियो ।



२३ अप्रिल १९५१ मा अमेरिकी पत्रकार विलियम एन. ओटिसलाई चेकोस्लोभाकियाको कम्युनिस्ट सरकारले जासुसीको आरोपमा पक्राउ गरेको थियो ।



२३ अप्रिल १९६८ मा न्युयोर्क शहरको कोलम्बिया विश्वविद्यालयका विद्यार्थी प्रदर्शनकारीहरूले प्रशासनिक भवनहरू कब्जा गर्दै विश्वविद्यालय बन्द गरेका थिए ।



२३ अप्रिल १९७१ मा पाकिस्तानी सेना र रजाकारहरूले पूर्वी पाकिस्तान (अहिले बंगलादेश)को जठीभंगा क्षेत्रमा लगभग ३ हजार हिन्दु आप्रवासीहरूको नरसंहार गरेका थिए ।



# उपत्यकामा ढल व्यवस्थापन कसरी ?

विचार



● खिमराज गिरी

> हालसम्म ढलसँग सम्बन्धित कुनै मापदण्ड नबनाइएका कारण अवस्था निकै भद्रगोल भइसकेको छ । यस्तोमा अब बनाइने मापदण्ड निकै सुझबुझसहितको हुनुपर्छ । नत्र, कार्यान्वयन होइन, अर्को समस्या निस्कन सक्छ...

काठमाडौं उपत्यकामा बन्ने प्रत्येक घरमा सेफ्टी ट्यांकी राख्नुपर्ने प्रावधानलाई अनिवार्य गराउने तयारी गरिएको छ । उपत्यकाको बाक्लो बस्ती, बढ्दो जनसंख्याको चापसँगै विकास भएको प्रदूषणलाई मध्यनजर गरी शहरी विकास मन्त्रालयले यस्तो प्रावधान लागू गर्न लागेको हो, जुन प्रावधान कार्यान्वयन हुँदा प्रत्येक घरवालाले अब आकाशको पानी जमिनमा सोस्नका लागि करिब ३० प्रतिशत जमिन खाली राख्नुपर्ने छ ।

छतबाट खसेको पानी जमिनमुनि जाने निकास बनाएर ढलका लागि छुट्टै सेफ्टी ट्यांकी बनाउनुपर्ने छ ।

काठमाडौंको असन, इन्द्रचोक, न्युरोड र व्यस्त गल्लीबाहेक महानगरपालिका भन्दा पनि नगरपालिकामा नै प्रायः घरको चाप बढी छ । प्रायजसो मानिसहरूले पहिला नै बनाएका घरमा सम्बन्धित निकायबाट नक्सा पासको स्वीकृति दिँदा सेफ्टी ट्यांकीलाई अनिवार्य भनेको थिएन । प्रायः मानिसको जग्गाको क्षेत्रफल जम्मा साढे २ आनादेखि ५ आनासम्म रहेको पाइन्छ । सवारी पार्किङ र पानीको ट्यांकी बनाउँदा नै जमिनको उपभोग भइसकेको देखिन्छ ।

तर, उक्त बनिसकेको घरमा अब सेफ्टी ट्यांकी राख्नका लागि सम्भव देखिँदैन किनकि काठमाडौंका प्रायः करिब ८० प्रतिशत घरमा सत प्रतिशत नै जग्गाको उपभोग गरी संरचना बनाइएको पाइन्छ । यसका लागि पहिला नियम नभएको र पछि नियमविपरीत सम्बन्धित स्थानीय तहमा कार्यरत केही इन्जिनियरहरूको मिलेमतोमा गोलमटोल पारिएको अवस्था छ । र, ढललाई खोलामा पुऱ्याइएको यथार्थ सत्य नै हो ।

यसका लागि कि पहिला नै नियम कानुन बनाएर कडा नीति ल्याउनुपर्थ्यो र सरकारले गर्न लागेको कार्यको परिणाम पनि उपलब्धिमूलक हुने थियो । तर, अहिले त लगभग ८० प्रतिशत संरचना बनिसकेको अवस्थामा मानौं २ आनामा घर बनाउने मानिसलाई कुन ठाउँमा सेफ्टी ट्यांकी बनाऊँ भन्ने समस्या पर्ने अवस्था छ । यसका लागि प्रत्येक घर परिवारलाई धेरै असहज हुन्छ ।

वास्तवमा उपत्यकामा प्रत्येक घरबाट ढल निकासका लागि नदी तथा खोलाहरूमा जोड्ने गरिएको छ । नदी सफा राख्नका लागि सरकारी निर्णयमा पनि अनिवार्य सेफ्टी ट्यांकी राख्नुपर्ने भनिएको छ । तर, एउटा प्रश्न के आउँछ भने २ या ३ आना जग्गा हुनेहरूका लागि यो सम्भव छ त ? प्रायः मानिसहरूले शहर, त्यही पनि काठमाडौं उपत्यकामा बस्ने रहरले थोरै भने पनि जग्गा किनेर घर बनाउन पाए के-के नै पाइन्थ्यो कि भन्नेजस्तो मनशाय बनाएका पाइन्छ, जसका कारण उपत्यका अहिले निकै सकसमा पुगिसकेको छ ।

सरकारको निर्णय अब घर बनाउनेहरूका लागि मात्र हो कि पहिला बनाइसकेका व्यक्तिहरूका लागि हो, यसमा प्रस्ट हुनुपर्छ किनकि आखिर उपत्यकाका नदी, खोलाहरू सफा राख्ने उद्देश्य हो भने त नयाँ बनाउनेलाई मात्र यो नियम लगाएर उक्त समस्याको समाधान हुनेवाला छैन ।


सँगै, घर बनाइसकेको व्यक्तिलाई पनि थोरै जग्गामा घर बनाउँदा सेफ्टी ट्यांकी बनाउने भनौं भने सबै घर भत्काउनुपर्ने बाध्यता हुन सक्ला । त्यसैले, नदी, खोलाको प्राकृतिक स्वरूपलाई यथावत् राख्न तथा यसको दीर्घकालीन समस्या समाधानका लागि सरकारी स्तरबाट केही तरिका अपनाउनुपर्ने हुन्छ ।

नदी, खोलाको दुवै साइडमा ढल राखेर एक ठाउँमा प्युरिफाई गर्ने योजना बनाउन सकिन्छ, जसका लागि सेप्टेज ट्रिटमेन्ट प्लान्ट स्थापना गर्नुपर्ने हुन्छ । यसको प्रक्रियामा खोलामा जाने सबै ढललाई पाइपमार्फत एउटा ट्रिटमेन्ट प्लान्टमा पुऱ्याएर उक्त प्लान्टमा फोहोर पानीलाई प्राइमरी, द्वितीय र तृतीय चरणमा सफा गर्ने गर्नुपर्छ । त्यस्तै, पछि शुद्ध पानीलाई खोलामा फिर्ता पठाउने वा अन्य उपयोगमा ल्याउन सकिन्छ । जैविक ढल शुद्धीकरण प्रणालीअन्तर्गत पनि ढललाई शुद्धीकरण गरेर पुनः खोलामा मिसाउन सकिन्छ । यसका लागि खोलामा बग्ने ढललाई कृत्रिम सिमसार प्रणालीमा पठाउन सकिन्छ । सिमसारमा प्राकृतिक रूपमा पानी सफा हुनका लागि नाइट्रेट र फोस्फेट हटाउने जीवाणुको प्रयोग गर्ने तर यसका लागि धेरै ठाउँ चाहिन्छ ।

भ्याक्युम टचांक र बायो ग्यास प्रविधि अपनाएर पनि समाधान गर्न सकिन्छ । यसको प्रक्रियाका लागि साना घरहरूले कम्प्याक्ट भ्याक्युम टचांक प्रयोग गर्ने । यसरी उपत्यकामा भएका नदी, खोलाहरूको संरक्षण, सरसफाइ तथा वरिपरि रूख रोपेर हराभरा बनाउन एक मात्र उपाय नयाँ बन्ने घरका लागि अनिवार्य सेफ्टी टचांक भन्दा पनि सरकारी नीति, स्थानीय तहको सहकार्य तथा नयाँनयाँ प्रविधिको उपयोग गर्न जान्नुपर्छ ।

यसरी माथि उल्लेखित विधि अपनाउनाले थोरै जग्गामा भएका र अब बन्ने घरहरूका लागिसमेत समाधानको उपाय निस्किने सम्भावना देखिन्छ । अन्यथा, शहरी विकास मन्त्रालयबाट उक्त नियम लागू गर्ने हो भने, सारा मानिसहरूले यसको दीर्घकालीन समस्याको समाधानार्थ सडकमा उत्रिएर आन्दोलनको घोषणा गर्न सक्ने सम्भावना रहन सक्छ । सरकारले पनि पहिला नियम बनाइदिएको भए सायद वर्तमान र भविष्यका पिँढीहरूले यस्तो संकटको घेरामा बस्नुपर्ने बाध्यात्मक परिस्थितिको सिर्जना हुने थिएन । त्यसैले, सरकारका लागि यस विषयमा दीर्घकालीन समाधानको बाटो अपनाउनु नै उत्तम विकल्प देखिन्छ र यसको औचित्य पनि यसैमा झल्किन्छ ।

## सामाजिक सञ्जाल



बद्रीविनोद खनाल

शिक्षक आन्दोलनको चुरो कुरो के रहेछ थाहा भयो होला नि अब त ? उनीहरूले आन्दोलन गरेको ऐन फेर्न होइन, सरकार फेर्न रहेछ भन्ने कुरा अब पनि भनिरहनुपर्ला र ? हैन भने प्रम ओली, देउवा र प्रचण्ड शिक्षकको आन्दोलनको बारेमा किन छलफलमा बसेर टुंगोमा पुगेनन् ?



कृष्ण घिमिरे

नेपालको न्याय व्यवस्था- दैवो नजानाति कुतो मनुष्य ? मुद्दा पेसी चढ्न वर्षौं पर्खिनुपर्ने, अझ कतिपय त दशकौं । पेसी चढे पनि कालोकोटेले लन्ट्याङपल्ट्याङ पारिदिने । कथं सक्रिय सूचीमा पऱ्यो भने या त हेर्दाहेर्दैमा या त हेर्न नमिल्नेमा ! गजब ! त्यसैले, भनियो- देवो नजानाति कुतो मनुष्य ?



बद्री न्यौपाने

वि. सं. २०२८ सालमा बनेको शिक्षा ऐनअनुसार चलिरहेको शिक्षा क्षेत्र, ५४ वर्ष हेरेर के बस्यौ ? वि. सं. २०४९ मा बनेको निजामती ऐन र २०५० नियमावली ! पुगेछ ३३ वर्ष ! गऱ्यौ के ? आधारभूत कक्षा ८ सम्म स्थानीय सरकारअन्तर्गत राख, ९-१२ स्थानीय सरकारलाई नदेऊ ! जायज छन् शिक्षकका माग !



राधाकृष्ण कटुवाल

शिक्षकहरूको आन्दोलनप्रति ऐक्यबद्धता छ तर अशिक्षितहरूको सरकारलाई दबाब दिन शिक्षित मानिने शिक्षकहरू महामूर्ख बन्नु हुन्थेन । ३५-४५ दिनको अल्टिमेटम दिई भर्नाको समय भएकाले आन्दोलन स्थगित गर्नुपर्थ्यो । आफ्ना बच्चा निजी स्कुलमा पढाएर गरिबका बच्चा पढ्ने स्कुल बन्द गर्नु हुन्थेन ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# विश्वकै अग्लो मानव बस्ती डोल्पाको छार्काभोटमा पहिलो पटक पुग्यो जीप



**पूर्णकुमार/मध्यान्ह**
डोल्पा, ९ वैशाख

विश्वकै अग्लो मानव बस्ती मानिने डोल्पाको छार्काभोटमा पहिलोपटक बोलेरो जिप पुगेको छ । गण्डकी करिडोर हुँदै मुस्ताङबाट दुई वटा जिप सोमबार माथिल्लो डोल्पामा पर्ने छार्का ताङसोङ गाउँपालिकाको छार्काभोटमा पुगेका हुन् ।

समुद्र सतहदेखि ४ हजार ३ सय मिटरको उचाइमा अवस्थित छार्काभोटमा मोटर गाडी पुगेको यो पहिलोपटक हो । डोल्पा र मुस्ताङ जोड्ने पक्की पुल निर्माणपछि जिप त्यहाँ पुग्न सम्भव भएको हो । स्थानीय कार्मासम्बेल गुरुङका अनुसार मुस्ताङबाट डोल्पासम्मका कठिन बाटोहरूमा डोजरको सहायताले जिप तानेर ल्याइएको थियो । उनले भने,'जसरी पनि चालकले दुई वटा बोलेरो जिप छार्काभोट पुऱ्याए,यसले हामीलाई अत्यन्तै खुसी बनाएको छ । अब पोखरा वा काठमाडौं जान सहज हुनेछ ।'

स्थानीयवासीहरू उत्साहित देखिए पनि सडक अवस्था स्थायी र भरपर्दो भने छैन । भेरी करिडोरअन्तर्गत चीनको मरिम्ला नाकादेखि भारतको जमुनाहा नाका जोड्ने ४ सय किलोमिटर सडक निर्माणको काम अझै सम्पन्न हुन सकेको छैन । त्यसै कारण माथिल्लो डोल्पाका तीन स्थानीय तहका बासिन्दाहरू अझै पनि यातायात सञ्जालबाट वञ्चित छन् ।

डोल्पाको सदरमुकाम दुनैदेखि माथिल्लो डोल्पालाई जोड्ने दुनै-ल्यासिक्याप सडकको काम अधुरो छ । ल्यासिक्यापदेखि सिशौलसम्मको ३३ किलोमिटर सडक कडा चट्टान भएकाले निर्माण सुरु हुन सकेको छैन । उक्त सडकखण्डको निर्माणका लागि नेपाली सेनालाई जिम्मा दिने प्रक्रिया अन्तिम चरणमा पुगेको प्रतिनिधिसभा सदस्य एवं पूर्वशहरी विकासमन्त्री धनबहादुर बुढाले जानकारी दिए । बुढाका अनुसार दुनै-ल्यासिक्याप सडकको काम भइरहेको छ र छिट्टै दुनै-धो-मरिम्ला सडक ट्र्याक पनि जोडिनेछ ।

यद्यपि मुख्य सडक अझै नजोडिए पनि माथिल्लो डोल्पाका तीन वटै स्थानीय तहहरूमा आन्तरिक सडक ट्र्याक खुलिसकेका छन् । चिनियाँ नाका मरिम्लाबाट सुरु भएर डोल्पासम्मका ट्र्याकमा हालसम्म १ हजारभन्दा बढी मोटरसाइकल चलिरहेका छन् ।

शे-फोक्सुण्डो गाउँपालिकाका उपाध्यक्ष पेमावाङछेन गुरुङले भने,'छार्काभोटमा जिप भेरी करिडोरमार्फत पुग्नुपर्ने हो, तर गण्डकी करिडोरमार्फत पुगेको भए पनि यो सुखद कुरा हो । अब भेरी करिडोरको कामलाई तीव्रता दिन आवश्यक छ ।'

**UAE मा रोजगार** Isam Mohammed Khairi Kabbani and Partners for Construction and Maintenance LLC
पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः२०८१/८/३ चलानी नं. ६०२२८२२५ LT No.: 313832

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Blaster | 20 | 0 | काममा दक्ष | 1200 | 83,९७०/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Insulation Worker | 20 | 0 | | 1200 | 83,९७०/- | | | | | | | |
| ३. | Painter | 20 | 0 | | 1200 | 83,९७०/- | | | | | | | |
| ४. | Painter Assistant | 20 | 0 | | 900 | 32,९८०/- | | | | | | | |
| ५. | Plasterer | 20 | 0 | | 1200 | 83,९७०/- | | | | | | | |

अन्तरवार्ता २०८२ बैशाख १७ गते (30 April, 2025) यस प्रा. लि. को कार्यालय एरपोर्ट, काठमाडौंमा हुनेछ ।

दि हिमालयन एच. आर. प्रा. लि. श्रम ईजाजत नं. १२३२/०७४/०७५
THE HIMALAYAN HR (P) LTD.
शम्भु मार्ग, एरपोर्ट, काठमाडौं फोन.: 01-5924715, 9810149952, 9841222845, 9851013859, 9845826606, 9767272452

**साउदीमा रोजगार** कम्पनी : MAJAN CONSTRUCTION COMPANY LTD. SINGLE PERSON CO शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०८१/०६/१६ चलानी नं.: ६०२२६१७९ LT. No.: 311726 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAJAN CONSTRUCTION COMPANY LTD. SINGLE PERSON CO शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०८१/०९/११ चलानी नं.: ६०२३०२८८ LT. No.: 316077 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १७ गते (30 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Seagull International Global H.R. Consultants Pvt. Ltd. इजाजत नं.: ४०७/०६०/०६१
Sukedhara-4, Kathmandu, Nepal | Tel : 014375822, 014375824, 9808818851, 9816060051.
9841781155, 9851015421, 9808818851, 9816060051 E-mail: cm.seagull55@gmail.com

**यूएईमा रोजगार** कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C शहर : Abu Dhabi
पूर्व स्वीकृत मितिः २०८२/०१/०८ चलानी नं.: ६०२३६४५५१ L.T. No.: 322293

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 200 | 0 | स. काममा दक्ष | 800 | २९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १७ गते (30 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RHYTHM OVERSEAS PVT. LTD. Govt. Lic. No. 865/066/067
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825, 9804766695
9766461836 | 9801444116 | 9861734468 Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

**Saudi मा रोजगार** Branch of Nabatat Contracting Company
पूर्व स्वीकृती मितिः २०८२/०१/०८ चलानी नं. : ६०२३६४४२ LT No.: 322367

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Labouers | 1 | [illegible] | 1000 | ३६,३९०/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८२ बैशाख १७ गते (30 April, 2025) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि. श्रम ईजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

**यूएईमा रोजगार** कम्पनी: THENNARASU ELECTROMECHANICAL WORKS LLC शहर:UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/०५ चलानी नं.: ६०२३६४८८ LT. No.: 321883

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer/gardener | 5 | 0 | | 1200 | ४४,४०० | | | | | | | |
| 3. | Scaffolder | 5 | 0 | | 1200 | ४४,४०० | | | | | | | |
| 4. | Steel Fixer, Rod Binder | 5 | 0 | | 1200 | ४४,४०० | | | | | | | |
| 5. | Stone Mason | 5 | 0 | | 1200 | ४४,४०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ बैशाख १७ गते (30 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SATYA SAI OVERSEAS PVT. LTD. Govt Lic. No. 662/063/064
Gwarko, Lalitpur-07, Lalitpur, Nepal | Tel : 01-5200967, 5200977
Email : satyasaioverseas97@gmail.com. www.satyasai.com.np.

## Invitation For Bids

### Government of Nepal (GoN)

# Aamachhodingmo Rural Municipality

### Rasuwa

**Invitation for Bids for the Gre Gaun Saurya Solar Jadan**
**Contract Identification No: AAMA/GOODS/NCB/01-2081/082**

**Date of publication: 23-04-2025 00:00**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for Gre Gaun Saurya Solar Jadan (IFB No: AAMA/GOODS/NCB/01-2081/082). Bidding is open to all eligible Bidders.
2. The Aamachhodingmo Rural Municipality, Rasuwa invites electronic bids from eligible bidders for the procurement of Gre Gaun Saurya Solar Jadan under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO egp system website www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost RS (in NRs) 3000.00 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**

| | |
|---|---|
| Name of the Bank: | Kumari Bank Ltd. |
| Name of Office: | Aamachhodingmo Rural Municipality, Rasuwa Office Code no:08328505 |
| Office Account no: | 0800039728100007 |
| Rajaswa (revenue) Shirshak no.: | 14249 |

5. Pre-bid meeting shall be held at :Aamachhodingmo Rural Municipality, Goljungbesi, Rasuwa, Bagmati Province, Nepal at 11-05-2025 12:00.
6. Electronic bids must be submitted to the Aamachhodingmo Rural Municipality, Goljungbesi, Rasuwa, Bagmati Province, Nepal through PPMO website www.bolpatra.gov.np. on or before 23-05-2025 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 23-05-2025 14:00 hours at the office of Aamachhodingmo Rural Municipality, Goljungbesi, Rasuwa, Bagmati Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 65000.0NRs which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
# ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मितिः २०८२/०१/१०**

यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**शाखा कार्यालयः भुमही, नवलपरासी**

**१. ऋणीको नाम र ठेगाना**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ वमोजिम मिति २०७६/०९/२५ मा लुम्बिनी प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प.) मा प्रा.फ.र.नं. ८६४/२३८७/०७६, अर्न्तगत दर्ता कायम भइ, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय, बुटवलबाट स्थायी लेखा नम्बर (PAN/VAT) ६०५१८६८०२ प्राप्त गरी लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामनगर गा.बि.स. वडा नं. ०२ (हाल : नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. १३ मा रजिष्ट्रर्ड ठेगाना रहेको श्री **नेचुरल एग्रो फर्म** ।

**फर्मको प्रोप्राईटरको नाम र ठेगाना**

श्री गंगा नारायण भण्डारी/श्रीमती धन कुमारी भण्डारी को नाती, श्री बिष्णु प्रसाद भण्डारी/श्रीमती हुम कुमारी भण्डारी को छोरा, श्रीमती कल्पना सुबेदी को पती, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामनगर न.पा./गा.बि.स. वडा नं. ०१ स्थायी ठेगाना भइ हाल नवलपरासी जिल्ला सुनवल न.पा वडा नं.१३ बस्ने श्री **पोष प्रसाद भण्डारी** (ना.प्र.प.नं. ६४६९१, जारी मिति बि.सं. २०५९/०४/०३, जि.प्र.का. नवलपरासी)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री बिष्णु प्रसाद भण्डारी/श्रीमती हुम कुमारी भण्डारी की बुहारी, श्री खेमनारायण सुबेदी/श्रीमती मनकाला सुबेदी की छोरी, श्री पोष प्रसाद भण्डारी की पत्नी, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामनगर गा.बि.स.वडा नं.०१ स्थायी ठेगाना भइ हाल नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. १३ बस्ने श्रीमती **कल्पना सुबेदी** (ना.प्र.प.नं. ७३४०६, जारी मिति बि.सं. २०६१/०३/०७, जि.प्र.का. नवलपरासी)
२. श्री गंगा नारायण भण्डारी/श्रीमती धन कुमारी भण्डारी को नाती, श्री बिष्णु प्रसाद भण्डारी/श्रीमती हुम कुमारी भण्डारी को छोरा, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामनगर गा.बि.स.वडा. नं. ०१ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं.१२ बस्ने श्री **प्रेम भण्डारी** (ना.प्र.प.नं.३६१०३९/६७८, जारी मिति बि.सं.२०६७/०३/०७, जि.प्र.का. नवलपरासी)
३. श्री नरायण अधिकारी/श्रीमती धन माया अधिकारी को नाती, ,श्री राम प्रसाद अधिकारी/श्रीमती गुना अधिकारी को छोरा, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामनगर गा.बि.स.वडा. नं. ०२ स्थायी ठेगाना भइ हाल नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं.१३ बस्ने श्री **मनिराम अधिकारी** (ना.प्र.प.नं. ३६३०३८/३९८, जारी मिति बि.सं.२०६३/११/०७, जि.प्र.का. नवलपरासी)

**शाखा कार्यालयः भुमही, नवलपरासी**

**२. ऋणीको नाम र ठेगाना**

१. श्री गंगा नारायण भण्डारी/श्रीमती धन कुमारी भण्डारी को नाती, श्री बिष्णु प्रसाद भण्डारी/श्रीमती हुम कुमारी भण्डारी को छोरा, श्रीमती कल्पना सुबेदी को पती, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामनगर न.पा./गा.बि.स.वडा नं. ०१ स्थायी ठेगाना भइ हाल नवलपरासी जिल्ला सुनवल न.पा वडा नं.१३ बस्ने श्री **पोष प्रसाद भण्डारी** (ना.प्र.प.नं. ६४६९१, जारी मिति बि.सं. २०५९/०४/०३, जि.प्र.का. नवलपरासी)
